नेपाल सरकार
# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
(योजना तथा अनुगमन शाखा)

प.सं. २०७६/०७७ (योजना तथा अनुगमन)

चलानी नं.: २८२

श्री स्थानीय तह सबै

मितिः २०७६/१०/०७

बिषयः कानूनी व्यवस्था कार्यान्वयन सम्बन्धमा ।

प्रस्तुत बिषयमा नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, स्वास्थ्य कर कोषको सचिबालय को मिति २०७६/०९/२८ पत्र संख्याः०७६/७७ च.नं.१९८ को पत्रको छायाँ प्रति यसै पत्रसाथ संलग्नगरि पठाइएको छ । उक्त पत्रबाट व्यहोरा अबगत गर्नुभई सोहि बमोजिम प्रभावकारी कार्यान्वयन गर्नु गराउनु हुन आदेश अनुसार अनुरोध छ ।

गोविन्द के.सी.
शाखा अधिकृत

बोधार्थः

स्वास्थ तथा जनसंख्या मन्त्रालय, स्वास्थ्य कर कोषको सचिबालय

सूचना तथा प्रबिधि शाखा : मन्त्रालयको website मा upload गरिदिने व्यवस्थाका लागि

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

# स्वास्थ्य कर कोषको सचिवालय

रामशाहपथ, काठमाण्डौ

पत्र संख्या :- ०७६/०७७
चलानी नं. :- ९१८

मितिः- २०७६।०९।२८

श्री संघिय मामीला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार, काठमाण्डौ ।

विषयः **कानूनी व्यवस्था कार्यान्वयन बारे**।

एक्सन नेपालले यस मन्त्रालयका माननीय मन्त्रीज्युलाई सम्बोधन गरी दिएको ध्यानाकर्षण पत्र सूर्तिजन्य पदार्थ नियन्त्रण तथा नियमन समितिमा पेश हुँदा, सूर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) ऐन २०६८ तथा ऐ. नियमावली २०६८ मा उल्लेखित कानूनी व्यवस्थाको कार्यान्वयन, अनुगमन, मुल्याङ्कन तथा कारवाही समेतको अधिकार प्रयोग गर्ने गरी नेपाल सरकार, मन्त्रिपरिषदको मिति २०७४।१०।१० को निर्णयानुसार ७७ जिल्लाका सहायक प्रमुख जिल्ला अधिकारिलाई र ७५३ वटै स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतहरुलाई निरिक्षक तोकीएको हुँदा उक्त सूर्तिजन्य पदार्थ नियन्त्रण तथा नियमन ऐन तथा नियमावलिमा उल्लेखित कानूनी व्यवस्था प्रभावकारी रुपमा कार्यान्वयनका लागि पहल गरी दिन तहाँ मन्त्रालयलाई अनुरोध गर्ने भनी निर्णय भएको हुँदा, उक्त ध्यानाकर्षण पत्रको प्रतिलिपि समेत संलग्न गरी सो कानूनी व्यवस्थाको पूर्ण कार्यान्वयनका लागि पहल गरी दिनुहुन अनुरोध छ।

(पुस्कर राज नेपाल)
उप सचिव (कानून)